News Release

American Center, Embassy of the United States
Yak & Yeti Complex (West Wing), Kathmandu. Tel: 444-5577

२०६४ जेठ १६

लोकतन्त्रसम्बन्धी वरिष्ठ अमेरिकी अधिकारी ४ दिने नेपाल भ्रमणमा

लोकतन्त्र, मानव अधिकार तथा श्रमसम्बन्धी अमेरिकी सहायक विदेशमन्त्री ब्यारी आर लोवेनक्रोन नेपालको चार-दिने भ्रमणका क्रममा आज काठमाडौं आइपुग्नुभयो ।

नेपालमा संविधान सभाको यकिन मिति निर्धारणको आ≈वान गर्न, अन्तरिम सरकारलाई खुला र समावेशी निर्वाचन तथा राजनैतिक प्रक्रिया निर्धारण गर्न, मानव अधिकार रक्षा तथा उल्लंघनको अध्ययन गर्न, तथा सबै पक्षहरुलाई विस्तृत शान्ति सम्झौतामा प्रतिबद्ध रहन र नेपालमा दीगो शान्ति तथा लोकतन्त्रको स्थापनाका लागि प्रेरित गर्नका लागि लोवेनक्रोन नेपालमा आउनुभएको हो ।

उक्त भ्रमणका क्रममा सहायक विदेशमन्त्री लोवेनक्रोनले नेपालको वर्तमान घटनाक्रमका बारेमा छलफल गर्नका लागि सरकारी अधिकृतहरु, राजनैतिक पार्टीका नेताहरु, मानव अधिकारवादी, नागरिक समाजका प्रतिनिधिहरु तथा अन्यसँग भेट गर्नुहुनेछ ।

अमेरिकी राजदूतावासले सहायक विदेशमन्त्रीको भ्रमणको संयोजन गर्दैछ । यो वहाँको पहिलो नेपाल भ्रमण हो ।

<u>संक्षिप्त जीवनी</u> :

ब्यारी आर लोवेनक्रोनले लोकतन्त्र, मानव अधिकार तथा श्रमसम्बन्धी सहायक विदेशमन्त्रीका रुपमा अक्टोवर १४, २००५ मा सपथ ग्रहण गर्नुभएको हो । योभन्दा अगाडि लोवेनक्रोन विदेशमन्त्रालयको पोलिसी प्लानिङका लागि प्रमुख सहायक निर्देशकका रुपमा कार्यरत हुनुहुन्थ्यो । लोवेनक्रोन राष्ट्रिय सुरक्षा परिषदमा युरोपेली सुरक्षा मामिलासम्बन्धी निर्देशकका रुपमा दुइवटा कार्यकाल (१९८८-८९ र १९९१-९३) मा कार्यरत हुनुहुन्थ्यो । वहाँले ज्वाइन्ट चीफ्स अफ स्टाफको अध्यक्षको नागरिक विशेष सहयोगीका रुपमा पनि काम गर्नुभएको छ, जहाँ वहाँले सेक्रेटरी अफ डिफेन्स मेरिटोरियस सिभिलियन सर्भिस पदक प्राप्त गर्नुभएको थियो । वहाँले विदेशमन्त्री जर्ज सुल्जको पोलिसी प्लानिङ स्टाफको सदस्यका रुपमा पाँच वर्षसम्म काम गर्नुभएको थियो । विदेश मन्त्रालय प्रवेश गर्नुभन्दा अगाडि लोवेनक्रोन अमेरिकी सूचना नियोगमा कार्यक्रम विकास अधिकृतको रुपमा कार्यरत हुनुहुन्थ्यो ।

लोवेनक्रोन १९७९ देखि जोन हप्किन्स युनिभर्सिटिको नित्जे स्कूल अफ एडभान्स्ड इन्टरनेशनल स्टडिज मा अमेरिकी विदेश नीति विषयको एडजङ्क्ट लेक्चररको पदमा हुनुहुन्छ र अहिले विश्वविद्यालयबाट विदा लिएर बस्नुभएको छ । वहाँ हतियार नियन्त्रण तथा पूर्वी युरोपेली विषयमा फोर्ड फाउन्डेशन फेलो तथा ≈युवर्ट एच. हम्फ्रे फेलो रहिसक्नु भएको छ । वहाँ काउन्सिल अन फरेन रिलेसन्सको सदस्य हुनुहुन्छ ।

लोवेनक्रोनले नित्जे स्कूल अफ एडभान्स्ड इन्टरनेशनल स्टडिजबाट १९७७ मा विशिष्ट श्रेणीमा स्नातकोत्तर गर्नुभएको छ र १९७३ मा बोस्टोन, म्यासाच्युसेट्सस्थित नर्थइस्टर्न युनिभर्सिटिबाट उच्च अनरसहित स्नातकको उपाधि प्राप्त गर्नुभएको छ ।

####